# लिखु गाउँपालिका यसम, ओखलढुंगा

## १ नं. प्रदेश

## स्थानीय राजपत्र

## लिखु गाउँपालिकाद्वारा प्रकाशित


| | | |
|---|---|---|
| खण्डः–१ | संख्याः-९ | मितिः-२०७५/०२/२९ |


## भाग-१

# लिखु गाउँपालिका

नेपालको संविधानको धारा २२२ वमोजिम गठित गाउँ सभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ उपदफा ३ को अधिनमा रहि लिखु गाउँपालिकाको सहकारी ऐन, २०७५ लिखु गाउँपालिकाले सर्वासाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावना**

सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुरुप स्थानीयस्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वाबलम्वन र पारस्परिकताको आधारमा एकीकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न,समुदायमा आधारित सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्तता र सुशासित संगठनको रुपमा सहकारी संस्थाहरुको प्रवर्दनसेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्म निर्भर, तीब्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरुको दर्ता,सञ्चालन एवम् नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकाले लिखु गाउँपालिकाको गाउँसभाले यो ऐन वनाएको छ ।

**परिच्छेद - १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम लिखु गाउँपालिकाको सहकारी ऐन,२०७५ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ,

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "आन्तरिक कार्य विधि" भन्नाले सहकारी संस्थाले दफा १८ वमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनु पर्दछ,

(ख) "कसूर" भन्नाले दफा ७९ बमोजिमको कसूर सम्झनुपर्छ,

(ग) "तोकिएको"वा "तोकिए वमोजिम"भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा ताकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ,

(घ) "परिवार" भन्नाले सदस्यको पती वा पत्नी,छोरा,वुहारी,छोरी,धर्मपुत्र,धर्मपुत्री,बावु,आमा,सौतेनी आमा र आफुले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु, भाई, वुहारी र दिदि, वहिनी सम्झनुपर्छ । तर सो शव्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन,

(ङ) "बचत" भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरको रकम सम्झनु पर्छ,

(च) "मन्त्रालय" भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने संघीय मन्त्रालय सम्झनुपर्छ,

(छ) "मुख्य कारोवार"भन्नाले संस्थाले सञ्चालन गरेको व्यवसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित वचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्य तर्फको खरिद वा विक्री कारोवारमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोवार सम्झर्नुपर्छ,

(ज) "रजिष्ट्रार" भन्नाले संघको रजिष्ट्रार सम्झर्नुपर्छ,

(झ) "लेखा सुपरीवेक्षण समिति"भन्नाले दफा ३७ वमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झर्नुपर्छ,

(ञ) "विनिमय" भन्नाले सम्बन्धीत सहकारी संस्थाको दफा १७ वमोजिम वनाएको विनियम सम्झनुपर्छ,

(ट) "विभाग" भन्नाले सहकारी विभाग सम्झर्नुपर्छ र सो शव्द्धले मन्त्रालयले सहकारी नियमन गर्न तोकेको महाशाखा समेतलाई जनाउदँछ,

(ठ) "शेयर"भन्नाले सहकारी संस्थाको शेयर पूँजीको अंश सम्झर्नुपर्छ,

(ड) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्द्धले समितिको अध्यक्ष, उपाअध्यक्ष, सचिब र कोषाध्यक्ष समेतलाई जनाउँछ,

(ढ) "सदस्य" भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनुपर्छ,

(ण) "समिति"भन्नाले दफा ३० को उपदफा (१)वमोजिमको सञ्चालक समिति सम्झनुपर्छ,

(त) "सहकारी मूल्य" भन्नाले स्वावलम्वन, स्व-उत्तरदायित्व ,लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तराष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्छ,

(थ) "संस्थाको व्यवसाय " भन्नाले विनियमको व्यवस्था भए वमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनुपर्छ,

(द)"सहकारी सिद्धान्त" भन्नाले स्वैच्छिक तथा खुला सदस्यता, सदस्यद्धारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्तता, शिक्षा, तालीम र सुचना, सहकारी-सहकारी विचको पारस्पारिक सहयोग र समुदायप्रतिको चासो लगायत अर्न्तराष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनुपर्छ,

(ध) "संस्था" भन्नाले दफा ३ वमोजिम गठन भई दफा ६ वमोजिम दर्ता भएको विषयगत वा वहुउद्देशीय सम्झनुपर्छ,

(न) "साधारण सभा" भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनुपर्छ,

(प) "प्राथमिक पूँजी कोष" भन्नाले शेयर पुँजी र जगेडा कोष सम्भनुपर्छ,

(फ) "दर्ता गर्ने अधिकारी" भन्नाले दफा ६९ बमोजिमको दर्ता गर्ने अधिकारी सम्भनुपर्छ,

## परिच्छेद - २

## सहकारी संस्थाको गठन तथा दर्ता

**३. संस्थाको गठन :**

(१) कम्तीमा तीस जना नेपाली नागरीकहरु आपसमा मिली विषयगत वा वहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि श्रमिक, युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारित भई व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्र जना नेपाली नागरिकहरु भए पनि संस्थान गठन गर्न सकिनेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार,प्रदेश सरकार , वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा सञ्चालित विद्यालय , विश्वविद्यालय वा संगठित संस्था वाट पारिश्रमिक पाउने पदमा वहाल रहेको कम्तीमा एकसय जना कर्मचारी, शिक्षक वा प्रध्यानाध्यापकहरुले आपसमा मिलि प्रचलित कानून वमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए वमोजिमको शर्त बन्देजहरु पालाना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् तर एकसय जनाभन्दा कम संख्या रहेको एउटै कार्यालयमा कम्तीमा तीसजना कर्मचारी,शिक्षक वा प्राध्यापकहरुले आपसमा मिलि, सदस्यता प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए वमोजिमको शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

(४) यस दफा वमोजिम संस्था गठन गर्दा एक परीवार एक सदस्यका दरले उपदफा (१) वा (२) मा उल्लेखित संख्या पुगेको हुनुपर्नेछ तर संस्था दर्ता भईसकेपछि एकै परीवारका एकजना वढी व्यक्तिले सो संस्थाको सदस्यता लिन वाधापर्ने छैन ।

**४. दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न नहुने :** कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी स्थापना तथा सञ्चालन गर्न हुदैन ।

**५. दर्ताको लागी दरखास्त दिनुपर्ने :**

(१) यस ऐन बमोजिम गठन भएका सहकारी संस्थाले दर्ताको लागी दर्ता गर्ने अधिकारी समक्ष अनुसूची-१ को ढाँचामा दरखास्त दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमका दरखास्त साथ देहाए बमोजिमका कागजातहरु संलग्न गर्नु पर्ने छ ।

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्था सञ्चालनको सँम्भाब्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण,

**६. दर्ता गर्नु पर्ने :**

(१) दफा ५ को उपदफा (१) वमोजिम प्राप्त दरखास्त सहितको कागजातहरु छानविन गर्दा देहाय वमोजिम भएको पाइएमा दर्ता गर्ने अधिकारीले दरखास्त पारेको मितिले तीस दिन भित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची (२) को ढाँचामा दर्ता प्रमाण-पत्र दिनुपर्ने छ ।

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अर्न्तगत बनेको नियम वमोजिम रहेको,

(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारीत एवम् सदस्य केन्द्रित भई सञ्चालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको ।

(२) उपदफा (१) वमोजिम छानविन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिन भित्र निवेदकलाई सुचना दिनु पर्नेछ ।

(३) यस ऐनमा अन्यन्त्र जुनसुकै कुरा लेखिएता पनि यो ऐन प्रारम्भ हुँदाको वखत दर्ता भई सञ्चालनमा रहेका लिखु गाउँपालिका भित्र कार्यक्षेत्र कायम गरीएका सहकारी संस्था यसै ऐन वमोजिम दर्ता भएको मानिने छ ।

(४) यस दफा वमोजिम सहकारी दर्ता गर्दा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नु पर्ने गरी कुनै शर्त तोक्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम शर्त तोकीएमा सो को पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

**७. दर्ता गर्न अस्वीकार गर्न सक्ने :**

(१) दफा (६) को उपदफा (१) मा उल्लेखित अवस्था नभएमा, सोहि दफा वमोजिम विनियमका संशोधनका लागी सूचना दिएको अवधि भित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र विनियम संशोधन नगरेमा दर्ता गर्न अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्ने छ ।

(२) उपदफा (१) वमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता गर्ने अधिकारीले कारण खुलाई तीन दिन भित्र सोको जानकारी सम्बन्धित निवेदकहरुलाई दिनु पर्नेछ ।

**८. सहकारी संस्था संगठित संस्था हुने :**

(१) सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुने छ ।

(२) सहकारी संस्थाको काम कारवाहीको लागी एउटा छुट्टै छाप हुनेछ ।

(३) सहकारी संस्थाले यस ऐनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्ति, उपभोग, विक्रि वा अन्य व्यवस्था गर्न सक्नेछ ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोहि नामवाट नालिस उजूर लाग्न सक्नेछ ।

**९. सहकारी संस्थाको कार्यक्षेत्र :**

(१) दर्ता हुंदाका बखत सहकारी संस्थाको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ ।

(क) बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाको हकमा एक वडा,

(ख) अन्य संस्थाको हकमा एक वडा वा देहाएका आधारमा तिन वडासम्म,

(१) सदस्यहरुविच स्वाबलम्वनको पारस्पारिक अभ्यासको लागी आपसी साझा बन्धन (कमन बण्ड),

(२) व्यवसायिक स्तरमा सेवा सञ्चालन गर्न आवश्यक सदस्य संख्या,

(३) संस्था सञ्चालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएता पनि संस्थाले दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको दई वर्ष पछि देहायको आधारमा भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्य क्षेत्र थप वडाहरुमा विस्तार गर्न सक्नेछ ।

(क) संस्थाको व्यवसायिक क्रियाकलापको विकास क्रममा सदस्यता वढाउन थप कार्यक्षेत्र आवश्यक परेको,

(ख) संस्थाको कार्य सञ्चालनमा सदस्यको प्रत्येक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरु अवलम्वन गरीएको,

(ग) बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको हकमा मापदण्ड अनुसार भएको ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएकोा भएता पनि संस्थाको कार्य क्षेत्रका वडाहरुमा व्यवसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोवार तोकिएको रकम वा अनुपातभन्दा कम रकम वा अनुपातको व्यवसायिक सेवा सञ्चालन भएको देखिएको खण्डमा दर्ता गर्ने अधिकारीले व्यवसायिक सेवा सन्चालन भएका वडा मात्र कार्य क्षेत्र कायम गर्ने गरी विनियम संशोधन गर्न निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) वमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्ष भित्र विनियम संशोधन गरी आफ्नो कार्य क्षेत्र पुनः निर्धारण गर्नुपर्नेछ ।

(५) यस दफाका अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सहकारी संस्थाले स्वेच्छिक रुपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनःनिर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ ।

(६) कार्य क्षेत्र पुनः निर्धारण सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

(७) प्रचलित कानुन बमोजिम पहिलै दर्ता भै सञ्चालनमा रहेका सहकारीको कार्यक्षेत्र सोहि अनुसार नै रहने छन् ।

**१०. जानकारी दिनुपर्ने :** गाउँपालिका भन्दा वढि कार्यक्षेत्र कायम राखी दर्ता भई सञ्चालनमा रहेका संस्थाहरुले गाउँपालिकामा सेवा सञ्चालन गर्दा सञ्चालित सेवाको विवरण सहित दर्ता गर्ने अधिकारीलाई जानकारी दिनुपर्नेछ ।

**११. विषयगत आधारमा वर्गीकरण :**

(१) सहकारी संथाको वर्गीकरण देहाय वमाजिम हुनेछ ।

(क) उत्पादन संस्थाः कृषि, दुध, चिया, कफी, उखु, फलफुल र माछापालन विशेषका विषयगत र अगुवाली एवम् उत्पादनको योजना समेतका आधारमा अन्य उत्पादन मूलक संस्था,

(ख) उपभोक्ता संस्था : उपभोक्ता भण्डार ,बचत तथा ऋण उर्जा र स्वास्थ्य विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजना समेतका आधारमा अन्य उपभोगजन्य संस्था,

(ग) श्रमिक संस्था : हस्तकला,खाद्य परिकार ,औद्योगिक उत्पादन ,भोजनालय र श्रम करार विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवम् स्वरोजगारी सेवा आधारमा अन्य श्रममा आधारीत संस्था,

(घ) बहुउद्देश्यीय संस्था : उत्पादन,उपभोग र श्रम वा सीपमा आधारीत स्वरोजगारी सेवा समेत सञ्चालन गर्न अन्य बहुमुखी संस्था ।

(२) उपदफा (१) को खण्ड (क) र (ग) मा उल्लेखित विषयमा विशिष्टीकरण,आम प्रचलन र अभ्यासको विकासक्रम समेतको आधारमा तोकिए वमोजिमका आधारमा विषयहरु थप गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) वमोजिम अन्य संस्थाहरु गठन गर्न वाधा पर्नेछैन ।

**१२. कारोवार,व्यवसाय,उद्योग वा परीयोजना सञ्चालन गर्न सक्ने :**

(१) दफा ६ वमोजिम दर्ता प्रमाणपत्र प्राप्ति गरे पछि संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागी यस ऐनको विनियमको अधिनमा रही आवश्यक कारोवार ,व्यवसाय , उद्योग वा परियोजना सञ्चालन गर्न सकिनेछ ।

(२) प्रचलित कानूनमा जुनसकै कुरा लेखिएको भएता पनि संस्थाले उपदफा (१) वमोजिम कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन । तर त्यस्तो कारोवार, व्यवसाय, उद्योग वा

परियोजना सञ्चालन गर्न प्रचलित कानून वमोजिम अनुमतिपत्र, स्वीकृती वा इजाजतपत्र लिनुपर्ने रहेछ भने सो वमोजिम अनुमति पत्र ,स्वीकृती वा इजाजतपत्र लिएर मात्र कारोवार, व्यवसाय, उद्योग वा परीयोजना सञ्चालन गर्नु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीवाट अनुमति पत्र, स्वीकृती वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिन भित्र सो को जानकारी दर्ता गर्ने अधिकारलाई दिनुपर्नेछ ।

(४) दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागी यस ऐनको अधीनमा रही आवश्यक कारोवार,व्यवसाय , उद्योग वा परीयोजना सञ्चालन गर्न सक्नेछन् ।

(५) उपदफा (४क) वमोजिमको कारोवार ,व्यवसाय,उद्योग वा परीयोजना सञ्चालन गर्ने सम्वन्धी अन्य व्यवस्था तोकीए वमोजिम हुनेछ ।

**१३. दायित्व सीमित हुने :**

(१) सहकारी संस्थाको कारोवारको सम्बन्धमा सदस्यको दायित्व निजले खरीद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहने छ ।

(२) सहकारी संस्थाको नाममा "सहकारी र नामको अन्त्यमा लिमिटेड भन्ने शव्द राख्नु पर्नेछ ।

**१४. सहकारीका मूल्य मान्यता र सिद्धान्त पालना गर्नु पर्ने :** सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीमा मूल्य मान्यता र सिद्धान्तको पालना गर्नु पर्ने छ ।

## परिच्छेद - ३

## संस्थाका उद्देश्य तथा कार्य

**१५.संस्थाको उद्देश्य :** कार्यक्षेत्रमा आधारीत र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरुको आर्थिक,सामाजिक तथा सांस्कृतिक उन्नयन गर्नु संस्थाको मुख्य उद्देश्य हुने छ ।

**१६.संस्थाको कार्य :** संस्थाका कार्यहरु देहाय वमोजिम हुनेछन् ,

(क) सहकारी मूल्य मान्यता र सिद्धान्तहरुको पालना गर्ने गराउने,

(ख) सदस्यको हित प्रवर्द्धन गर्ने गरी व्यवसायिक सेवाहरु प्रदान गर्ने,

(ग) सदस्यलाई शिक्षा,सुचना र तालिम प्रदान गर्ने,

(घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार,आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्वन्धी कार्य गर्ने,

(ङ) आन्तरीक नियन्त्रण प्रणाली लागु गर्ने,

(चं) संस्थाको व्यवसायिक प्रवर्द्धन तथा विकास सम्वन्धी क्रियाकलकपहरु सञ्चालन गर्ने,

(छ) मन्त्रालय रजिष्ट्रार, प्रादेशिक रजिष्ट्रार, स्थानिय तह वा दर्ता गर्ने अधिकारीको निर्देशन पालना गर्ने गराउने,

(ज) विनियममा उल्लेखित कार्यहरु गर्ने ।

## परिच्छेद - ४

## विनियम तथा आन्तरीक कार्यविधि

**१७. विनियम वनाउनु पर्ने :**

(१) संस्थाले यो ऐन अन्तर्गत वनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधिनमा रही आफ्नो कार्य सञ्चालनका लागी विनियम वनाउनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिमको विनियम दर्ता गर्ने अधिकारी वाट स्वीकृत भए पछि लागु हुने छ ।

**१८. आन्तरीक कार्यविधि वनाउन सक्ने :**

(१) संस्थाले यो ऐन,यस ऐन अन्तर्गत वनेको नियम निर्देशिका,मापदण्डकार्यविधि र विनियमको अधिनमा रहि आवश्यकता अनुसार आफ्नो आन्तरीक कार्यविधि वनाउन सक्ने छ ।

(२) उपदफा (१) वमोजिमको आन्तरीक कार्यविधि सम्वन्धीत संस्थाको साधारण सभाले स्वीकृत गरेपछि लागुहुनेछ ।

**१९. विनियम र आन्तरीक कार्यविधिमा संशोधन :** संस्थाको साधारण सभाको कुल सदस्य संख्याको वहुमतवाट विनियम र आन्तरीक कार्यविधि संशोधन हुन सक्नेछ ।

## परिच्छेद - ५

## सदस्यता

**२०. संस्थाको सदस्यता :**

(१) अठार वर्ष उमेर पुरा गरेको देहाय वमोजिमका नेपाली नागरीकहरु संस्थाको सदस्य हुन सक्नेछन् ।

(क) संस्थाको कम्तीमा एक शेयर .खरीद गरेको,

(ख) संस्थाको विनियममा उल्लेखित शर्तहरु पालना गर्न मञ्जुर गरेको,

(ग) संस्थाको जिम्वेवारी पालना गर्न मञ्जुर भएको,

(घ) संस्थाले गरेको कारोवारसँग प्रतिस्पर्धा हुने गरी कारोवार नगरेको,

(ङ) संस्थाको सदस्यता लिन योग्य रहेको स्वघोषणा गरेको ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार, प्रदेश सरकारका निकायहरु, स्थानिय तहका साथै संस्थाको कार्य क्षेत्र भित्रका सामुदायिक वा सरकारी विद्यालय, गुठी, स्थानीय क्लव, स्थानीय तहमा गठन भएका उपभोक्ता समुहहरु संस्थाका सदस्य हुन वाधा पर्ने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य सहकारी संस्थामा सहकारी संस्थाले सदस्यता लिन वाधा पर्ने छैन ।

**२१. सदस्यता प्राप्त गर्न निवेदन दिनुपर्ने :**

(१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धीत व्यक्तिले संस्थाको समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिमको निवेदन परेको मितिले ३५ दिन भित्र समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधिनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्ने छ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान गर्ने नगर्ने निर्णय गरेमा सोको कारण खोली ७ दिन भित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले ३० दिन भित्र सम्बन्धित व्यक्तिले त्यस्तो संस्था दर्ता गर्ने अधिकारी समक्ष उजुर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजुरी छानविन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नु पर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको ७ दिन भित्र सम्बन्धित सस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्तागर्ने अधिकारीलाई गराउनुपर्नेछ ।

**२२. सदस्य हुन नपाउने :**

(१) कुनै व्यक्ति एकै प्रकृतिको एक भन्दा वढि संस्थाको सदस्य हुन पाउने छैन । तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एक भन्दा वढि संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले तीन वर्ष भित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुदाका वखत कुनै संस्थामा नेपाल सरकारको निकाय वा दफा (२०) को उपदफा (२) मा उल्लेख भएदेखि बाहेकको अन्य कुनै कृतिम व्यक्ति सदस्य भएको भए ५ वर्ष भित्र सदस्यता अन्त्य गर्नु पर्नेछ ।

**२३. सदस्यताको समाप्ति :**

(१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ ।

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) लगातार वार्षिक साधारण सभामा विना सुचना तिन पटक सम्म अनुपस्थित भएमा,

(ग) यो ऐन, यस ऐन अर्न्तगत बनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उलंघन गरेमा,

(घ) संस्थाको सदस्यको हकमा दफा २० बमोजिमको योग्यता नभएमा,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नु पर्ने कुनै रकम भएमा सो फरफराक नभए सम्म वा निजले लिएको ऋण तिर्नु पर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेको सोको दायित्व फरफराक नभए सम्म निजको सदस्यता समाप्त हुने छैन ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि साधारण सभा बोलाउने निर्णय भइसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन ।

**२४.सुविधा प्राप्त गर्न नसकिने :** कुनै सदस्यले सहकारी संस्थालाई तिर्नु पर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तानि नगरेमा वा यो ऐन, यस ऐन अर्न्तगत बनेको नियम तथा विनियम बमोजिम सदस्यले पालना गर्नु पर्ने व्यवस्थाको बारम्बार उलंघन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुविधा प्राप्त गर्न सक्ने छैन ।

## परिच्छेद - ६

## साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समिति

**२५. साधारण सभा :**

(१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रुपमा साधारण सभा हुनेछ ।

(२) सहकारी संस्थाको सबै सदस्यहरु साधारण सभाका सदस्य हुनेछन् ।

(३) सहकारी संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

(क) प्रारम्भिक साधारण सभा,

(ख) वार्षिक साधारण सभा,

(ग) विशेष साधारण सभा,

**२६. प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार :** प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिन सम्मको काम कारवाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालु आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तिय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने,

(च) लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धाराण गर्ने,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**२७ वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार :** वार्षिक साधारण सभाको काम,कर्तव्य र अधिकार देहाय वमोजिम हुने छ ।

(क) वार्षिक कार्यकम तथा वजेट स्वीकृति गर्ने,

(ख) सञ्चालन समितिको निर्बाचन गठन गर्ने,

(ग) वार्षिक लेखा समिति प्रतिवेदन  अनुमोदन गर्ने,

(घ) समिति तथा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने ,

(ङ) सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदवाट हटाउने,

(च) समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारीत गर्ने,

(छ) विनियम संशोधन तथा आन्तरिक कार्य विधि पारित गर्ने,

(ज) लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(झ) संस्था एकीकरण वा विघटन सम्वन्धी निर्णय गर्ने,

(ञ) पारीश्रमिक लगायतका सुविधा तोक्ने,

(ट) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा  निर्णय गने

(ठ) सदस्यको दायित्व मिनाहा दिने,

(ड) समितिलाई आवश्यक निर्देशन दिने,

(ढ) विनियममा तोकिए बमोजिमको अन्य कार्यहरु गर्ने ।

**२८. साधारण सभाको वैठक :**

(१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिना भित्र प्रारम्भिक साधारण सभा वोलाउनु पर्नेछ ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र वार्षिक साधारण सभा वोलाउनु पर्ने छ ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा वोलाउनु पर्नेछ ।

(क) संस्थाको काम विशेषले साधारण सभा वोलाउनु पर्ने समितिवाट निर्णय भएमा,

(ख) दफा ३८ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिसमा,

(ग) कुनै सञ्चालकले विशेषसाधारण सभा वोलाउन पेश गरेको प्रस्ताव समिति द्धारा पारीत भएमा,

(घ) विशेषसाधारण सभा वोलाउनु पर्ने कारण खुलाई पच्चिस प्रतिशतले समिति समक्ष निवेदन दिएमा,

(ङ) दफा २९ को उपदफा (१) वमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएमा,

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सञ्चालक समितीमा रहि वाट आफ्नो जिम्मेवारी पुरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता गर्ने अधिकारीलाई जानकारी साधारण सदस्यहरु मध्ये वाट वहुमत सदस्य उपस्थित भई विशेषसाधारण सभा वस्न सक्नेछ ।

**२९. विशेष साधारण सभा वोलाउन निर्देशन दिन सक्ने :**

(१) संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा वा कसैको उजुरी छानविन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारण सभा वोलाउन निर्देशन दिन सक्नेछ ।

(क) सहकारीको मूल्य,मान्यता तथा सिद्धान्त विपरीत काम गरेमा,

(ख) यो ऐन, यस ऐन अन्तर्गत वनेको नियम, विनियम तथा आन्तरीक कार्य विधि विपरीत कार्य गरेमा,

(ग) दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको वारम्वार उल्लङ्घन गरेमा,

(घ) दफा ३१ को उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएमा ।

(२) उपदफा (१) वमोजिम साधारण सभा वोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतिस दिन भित्र साधारण सभाको बैंठक वोलाउनु पर्ने छ र साधारण सभाको वैंठकमा उजुरी वा निरीक्षणका क्रममा देखिएको विषयमा छलफल गरी सोको प्रतिवेदन दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा उल्लेखित अवधि भित्र समितिले साधारण सभा नवोलाएमा दर्ता गर्ने अधिकारीले त्यस्तो साधारण सभा वोलाउन सक्नेछ ।

(४) सहकारी संस्थाको साधारण सभाको लागी गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको ९१ प्रतिशत हुन्छ तर पहिलो पटक डाकिएको साधारण सभामा गणपुरक संख्या नपुगेमा त्यसको सात दिन भित्र दोस्रो पटक साधारण सभा वोलाउनु पर्ने छ । यसरी दोस्रो पटक वोलाएको साधारण सभामा सञ्चालक समितिको वहुमत सहित एक तिहाइ साधारण सदस्यको उपस्थित भएमा साधारण सदस्यको गणपुरक संख्या पुगेको मानिने छ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा २८ को (४) मा भएको व्यवस्था सोहि अनुसार रहनेछ।

(६) २ हजार वा सो भन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्य सूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा वडा वा अन्य पायक पर्ने स्थानमा संञ्चालक सदस्यलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरु छनौट गरी त्यस्ता प्रतिनिधिहरुको उपस्थितीको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

**३०. सञ्चालक समिति :**

(१) सहकारी संस्थामा साधारण सभावाट निर्वाचित एक सञ्चालक समिति रहने छ ।

तर एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा वढि सञ्चालक हुन पाउने छैन ।

(२) उपदफा (१) वमोजिमको समितिमा उपलव्ध भएसम्म कम्तीमा ३३ प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

(३) एउटै परिवारको एक भन्दा वढी सदस्य एकै अवधीका लागि सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

(४) कुनै संस्थाको संञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा वैंक वाहेक अर्को कुनै संस्थाको सञ्चालन वन्न पाउने छैन तर वार्षिक दुई करोड  रुपैयाँ भन्दा कमको कारोवार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रुपमा काम गर्न बाधा पर्ने छैन । वार्षिक दुई करोड  रुपैया भन्दा कमको कारोवार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले दुई वर्ष भित्र त्यस्तो सञ्चालकले कर्मचारीको पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नु पर्दछ।

(५) यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकभन्दा वढी संस्थाको सञ्चालक वा सोही वा अर्को संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र कुनै एक संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनुपर्ने छ ।

(६) समितिको कार्यविधी चार वर्षको रहने  छ ।

**३१. सञ्चालक समितिको निर्वाचन :**

(१) समितिले आफ्नो कार्यविधी समाप्त हुनु भन्दा कम्तीमा एक महिना अघि अको समितिको निर्वाचन गराउनु पर्नेछ

(२) उपदफा (१) वमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्ती भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश भित्र समितिको निर्वाचन गराई दर्ता गर्ने अधिकारीलाई जानकारी गराउनु पर्ने छ ।

(४) उपदफा (३) वमोजिम समितिको निर्वाचन नगराएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सदस्य संस्था रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेत लाई सहभागिता  गराई समितिको निर्वाचन सम्बन्धि सम्पुर्ण कार्य गराउने छ ।

(५) उपदफा (४) वमोजिमको निर्बाचन कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित समितिका पदाधिकारीहरुको कर्तव्य हुने छ ।

(६) उपदफा (५) वमोजिम निर्वाचन गराउन लागेको सम्पुर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ ।

(७) यस दफा वमोजिम समितिको अर्को निर्वाचन  नभए सम्मको लागी समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्ने छ ।

**३२. समितिको काम,कर्तव्य र अधिकार :** यस ऐनमा अन्यन्त्र उल्लेखित काम,कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम,कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछन् ।

(क) सहकारी मूल्य,मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

(ख) आर्थिक तथा पशासकीय कार्य गर्ने,गराउने,

(ग) प्रारम्भिक साधारण सभा,वार्षिक साधारण तथा विशेष साधारण सभा वोलाउने,

(घ) साधारण सभाका निर्णयहरु कार्यान्वयन गर्ने,गराउने,

(ङ) संस्थाको नीति ,योजना,बजेट तथा वार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेश गर्ने,

(च) संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यतावाट हटाउने,

(छ) शेयर नामसारी तथा फिर्ता सम्वन्धि कार्य गर्ने,

(ज) सम्वन्धित संघको सदस्यता लिने,

(झ) विनियम तथा आन्तरीक कार्यविधि तयार गरी साधारण सभामा पेश गर्ने,

(ञ) संस्थाको कार्यक्षेत्र भित्र संस्थाको कारोवार र व्यवसायको हित प्रवर्द्धनको लागी आवश्यक कार्य गर्ने, गराउने

**३३. सञ्चालक पदमा बहाल नरहने :** देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा वहाल रहन सक्ने छैन :

(क) निजले दिएको राजीनामा समितिवाट स्वीकृत भएमा,

(ख) निजलाई दफा ३४ उपदफा (१) बमोजिम सञ्चालकवाट हटाउने निर्णय भएमा,

(ग) निज अर्को संस्थाको सञ्चालक रहेमा,

(घ) निज सोहि अर्को संस्थाको कर्मचारी रहेमा, दफा ३० को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोहि बमोजिम हुनेछ,

(ङ) निज सोही वा अर्को संख्याको लेखा सुपरीवेक्षण समितिको पदमा रहेमा,

(च) निजको मृत्यु भएमा ।

**३४. सञ्चालकलाई पदवाट हटाउन सक्ने :**

(१) साधारण सभाले वहुमतको निणर्यवाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्ने छ ।

(क) आर्थिक हिनामिना गरी सम्बन्धित संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(ख) अनधिकृत तवरले सम्वन्धित संस्थाको कारोवार सम्बन्धि विषयको गोपनियता भङ्ग गरेको ठहर भएमा,

(ग) सम्बन्धित संस्थाको कारोवार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतीको कारोवार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रुपमा काम गर्न नसक्ने भएमा,

(च) कुनै सञ्चालकमा यो ऐन,यस अन्तर्गत बनेको नियम वा विनियममा उल्लेखित योग्यता नरहेमा ।

(२) कुनै सञ्चालकलाई समितिको पदवाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारण सभा समक्ष सफाई पेश गर्ने मानसिव माफीकको मौका दिइने छ ।

(३) उपदफा (२) वमोजिमको अवधी भित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चाललाई पदवाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) वमोजिम सञ्चालकको पदवाट हटाइएको सदस्य समितिको दुई कार्यकाल सम्मको निर्वाचनमा उम्मेदवार वन्न पाउने छैन ।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदवाट हटेमा त्यस्तो खालि पदमा साधारण सभाले वाँकी अवधिको लागी अर्को सञ्चालकको निर्वाचन गर्नेछ ।

**३५. निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुने :**

(१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनुहुदैन ।

(२) सञ्चालकले आफुले मात्र व्यक्तिगत फाइदा हुने गरी संस्थामा कुनै कार्य गराउन हुंदैन ।

(३) कुनै सञ्चालकले उपदफा (१) को बिपरीत हुने गरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै कामकारवाही गरे गराएमा त्यस्तो काम कारवाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रुपमा उत्तरदायी हुनेछ र त्यस्तो काम

कारवाहीवाट संस्थाको, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानी नोक्सानीको जति हर्नि व्यर्होनु पर्नेछ ।

**३६. समिति विघटन :**

(१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछ ।

(क) समितिको बदनियतपूर्ण कार्यवाट संस्थाको कारोवार जोखिममा परेमा,

(ख) संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समय भित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लेखित उद्देश्य र कार्य विपरीतको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियमावलीमा उल्लेखित शर्त वा दर्ता गर्ने अधिकारीले दिएको निर्देशनमा बारम्वार उल्लङ्न गरेमा ।

(२) उपदफा (१) वमोजिम समिति विघटन भएमा साधारण सभाले नयाँ समितिको निर्वाचन गर्नेछ ।

(३) समितिले ऐन वा यस ऐन अन्तर्गत वनेको नियम वमोजिम दर्ता गर्ने अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा २९ को उपदफा (२) वमोजिम पेश गरेको प्रतिवेदन समेतको आधारमा दर्ता गर्ने अधिकारीलाई उजूरी वा निरीक्षणको क्रममा देखिएको विषयवस्तुको गम्भिर्यताको आधारमा वढिमा ६ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधि भित्र पनि सुधार हुन नसकेक्मा त्यस्तो समिति विघटन गर्नेछ ।

(४) उपदफा (३) वमोजिम समितिको विघटन भएमा त्यसरी विघटन गरीएको मितिले ३ महिना भित्रमा अर्को समितिको निर्वाचन गराउन र त्यस्तो निर्वाचन नभए सम्म संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता गर्ने अधिकारीले तोकीए वमोजिमको एक तदर्थ समिति गठन गर्नु पर्ने छ ।

(५) यस दफा वमोजिम अर्को समिति निर्वाचन गराउँदा लागेको सम्पुर्ण खर्च सम्बन्धित संस्थाले ब्यहोनु पर्नेछ ।

**३७. लेखा सुपरीवेक्षण समितिको गठन :**

(१) संस्थामा आन्तरीक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एकजना संयोजक र दुईजना सदस्यहरु रहनेगरी साधारण सभाले निर्वाचनवाट लेखा सुपरीवेक्षण समिति गठन गर्नेछ ।

(२) एउटै परीवारको एकभन्दा वढी व्यक्ति एकै अवधिमा एउटै संस्थाको सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार वन्न र निर्वाचित हुन सक्ने छैन ।

**३८. लेखा सुपरीवेक्षण समितिको काम,कर्तव्य र अधिकार :**

(१) लेखा सुपरीवेक्षण समितिको काम,कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरीक लेखा परिक्षण गर्ने, गराउने,

(ख) आन्तरीक लेखापरिक्षण गर्दा लेखा परीक्षणका आधारभुत सिद्धान्तको पालना गर्ने,गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोवारको निरीक्षण तथा मूल्याङ्कन गर्ने ,गराउने,

(घ) समितिको काम कारवाहीको नियमित सुपरीवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन,निर्णय तथा समितिको निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्वन्धि प्रतिवेदन र समितिको काम कारवाहीको सुपरीवेक्षण सम्वन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक पटक दिएको सुझाव कार्यान्वयन नभएको कारणवाट कुनै संस्थाको हितमा प्रतिकूल असर परेमा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पतिको व्यापक रुपमा हिनामिना र अनियमितता भएकाले संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेको सोको कारण विशेष साधारण सभा वोलाउन समिति समक्ष सिफारिस गर्ने,

(ज) आवश्यक परेमा आन्तरीक लेखा परीक्षक नियुक्तिका लागी तीन जनाको प्रस्तावित नाम सञ्चालक समितिमा सिफारीस गर्ने ।

(२) लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागि हुन पाउने छैन ।

## परिच्छेद - ७

## वचत तथा ऋण परिचालन

### ३९. सदस्य केन्द्रित भई वचत ऋणको कारोवार गर्नु पर्ने :

(१) संस्थाले आफ्नो सदस्यको मात्र वचत स्वीकार गर्ने, सोको परीचालन गर्ने र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि वचत तथा ऋणको मुख्य कारोवार गर्ने गरी दर्ता भएको संस्था वाहेक अन्य विषयगत वहुउद्देश्यीय संस्थाले वचत तथा ऋणको मुख्य कारोवार गर्न पाउने छैन तर यो ऐन प्रारम्भ हुनु अघि वहुउद्देश्यीय वा विषयगत संस्थाको रुपमा दर्ता भई मुख्य कारोवारको रुपमा वचत तथा ऋणको कारोवार गर्दै आएको भए त्यस्तो संस्थाले तीन वर्ष भित्रमा वचत तथा ऋणको मुख्य कारोवार नहुने गरी दर्ता हुँदाको बखतमा उल्लेख गरीएको मुख्य कारोवार गर्ने गरी संस्था सञ्चालन गर्नु पर्नेछ ।

(३) संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नविकरण शुल्क लिन पाईने छैन ।

(४) वचत तथा ऋणको व्याजदर वीचको अन्तर ६ प्रतिशत भन्दा वढि हुने हुनु हुँदैन ।

(५) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा व्याज लगाउन पाईने छैन । तर

(क) संस्थाको दायित्व प्रति प्रतिकूल नहुने गरी संस्थाले स्वप्रयोजनका लागी अचल सम्पत्ति खरीद तथा पूर्वाधार निमार्ण एवं संस्था र सदस्यहरुको हितमा उत्पादन र सेवाको क्षेत्रमा  प्राथमिक पूजी कोष परीचालन गर्न वाधा पर्ने छैन ।

(ख) यो ऐन प्रारम्भ हुनु अघि  कुनै संस्थाले कुनै कम्पनीको शेयर खरीद गरेको भएमा त्यस्तो शेयर यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष अवधि भित्र हस्तान्तरण गरी सक्नु पर्ने छ ।

(६) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि संस्थाले यो ऐन प्रारम्भ हुनु अघि दर्ता भएको साना किसानद्धारा प्रर्वद्धित वित्तिय संस्थाको शेयर खरिद गर्न वाध्य पर्ने छैन ।

(७) संस्थाले शेयर पूजी कोषको दश गुणा सम्म बचत संकलन गर्न सक्नेछ ।

(८) संस्थाले दर्ता गर्दाको वखतका सदस्य वाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतीत नभई ऋण लगानी गर्न सक्ने छैन ।

### (४०) सन्दर्भ व्याज दर सम्वन्धी व्यवस्था :

(१) संघीय कानुन वमोजिम रजिष्ट्रारले वचत तथा ऋणको सन्दर्भ व्याजदर तोक्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम तोकिएको सन्दर्भ व्याजदर संस्थाका लागी निर्देशक व्याजदर हुनेछ ।

**४१. व्यक्तिगत वचतको सिमा :** संस्थामा सदस्यको व्यक्तिगत वचतको सिमा तीस लाख सम्म हुनेछ ।

## परिच्छेद - ८

## आर्थिक स्रोत परिचालन

**४२. शेयर विक्री तथा फिर्ता सम्वन्धी व्यवस्था :**

(१) संस्थाले आफ्नो सदस्यलाई शेयर विक्री गर्न सक्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि संस्थाले एकै सदस्यलाई आफ्नो कुल शेयर पूंजीको विस प्रतिशत भन्दा वढि हुने गरी शेयर विक्री गर्न सक्ने छैन तर नेपाल सरकार,प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो वन्देज लागु हुने छैन ।

(३) संस्थाको शेयर अंकित मूल्य प्रति शेयर एक सय रुपैंयाँ हुनेछ ।

(४) संस्थाको शेयर पूँजी विनियममा उल्लेख भए वमोजिम हुनेछ ।

(५) संस्थाले खुला वजारमा शेयर विक्री गर्न पाउने छैन ।

(६) संस्थाको मूल धनको रुपमा रहेको कुनै सदस्यको शेयर सोही संस्थाको ऋण वा दायित्व अन्य कुनै ऋण वा दायित्व वापत लिलाम विक्री गरीने छैन ।

**४३. रकम फिर्ता तथा खाता सञ्चालन सम्वन्धी व्यवस्था :**

(१) कुनै सदस्यले संस्थाको सदस्यता त्याग गरी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व चुत्ता गरेको मितिले एक महिना भित्र निजको बाँकी रकम तोकिए वमोजिम निजलाई फिर्ता गर्नु पर्ने छ ।

(२) कुनै सदस्यले संस्थामा जम्मा गरेको वचत फिर्ता माग गरेमा निजको कुनै दायित्व कट्टा गरी बांकी रकम तोकीय वमोजिम निजलाई फिर्ता दिनु पर्ने छ ।

(३) संस्थाले वचत खाताहरु मात्र सञ्चालन गर्न सक्नेछ ।

**४४. ऋण वा अनुदान लिन सक्ने :**

(१) संस्थाले विदेशी वैंक वा वित्तीय संस्था अन्य कुनै निकायवाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीको काम गर्न संघिय कानून वमोजिम स्वीकृती लिनुपर्ने छ ।

(२) उपदफा (१) वमोजिम विदेशी वैंक वा निकायवाट ऋण वा अनुदान लिन स्वीकृतीको लागी तोकीय वमोजिमको विवरणहरु सहित दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्ने छ ।

(३) उपदफा(२) वमोजिम निवेदन प्राप्त भएमा दर्ता गर्न अधिकारीले गाउँ कार्यपालिकामा प्रस्ताव पेश गर्नेछ ।

(४) उपदफा (३) वमोजिमको प्रस्ताव गाउँ कार्यपालिकाले उपयुक्त ठानेमा स्वीकृतीको लागी मन्त्रालयमा शिफारिस गरी पठाउनेछ ।

**४५. नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्ने :**

(१) संस्थाले विदेशी वा अन्य निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नु पर्ने भएमा संघिय कानून वमोजिम स्वीकृतीको लागी दर्ता गर्ने अधिकारी समक्ष प्रस्ताव सहित निवेदन दिनुपर्ने छ ।

(२) दफा (१) वमोजिम प्राप्त प्रस्ताव उपयुक्त देखिएमा गाउँ कार्यपालिकाको संघिय कानून वमोजिम स्वीकृतीको लागी मन्त्रालयमा शिफारिस गरी पठाउनु पर्ने छ ।

## परिच्छेद - ९

## संस्थाको कोष

**४६. संस्थाको कोष :** संस्थाको कोषमा देहाय वमोजिमको रकम रहनेछ :

(क) शेयर विक्रीबाट प्राप्त रकम,

(ख) वचतको रुपमा प्राप्त रकम

(ग) ऋणको रुपमा प्राप्त रकम,

(घ) नेपाल सरकार वाट प्राप्त अनुदान रकम,

(ङ) विदेशी सरकार वा अन्तराष्ट्रिय संघ संस्था वाट प्राप्त अनुदान वा सहायताको रकम,

(च) व्यवसाय कार्यवाट आर्जित रकम,

(छ) सदस्यता प्रवेश शुल्क,

(ज) संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम ।

**४७. जगेडा कोष :**

(१) संस्थामा एक जगेडा कोष रहनेछ ।

(२) उपदफा (१) वमाजिमको कोषमा देहाय वमोजिमको रकम रहने छन् ।

(क) आर्थिक वर्षको खुद वचत रकमको कम्तीमा २५ प्रतिशत रकम,

(ख) कुनै संस्था,संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्तिबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) वमोजिमको जगेडा कोष अभिभाज्य हुनेछ ।

**४८. संरक्षित पूँजी फिर्ता कोष :**

(१) संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहने छ ।

(२) दफा ४७ वमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) वमोजिमको रकम छुट्याई वांकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा(१) वमोजिमको कोषमा वार्षिक रुपमा जम्मा गर्नु पर्ने छ ।

(३) उपदफा (१) वमोजिमको रकम सदस्यले गरेको संघीय कानुनमा तोके वमोजिमको वार्षिक कारोवारको आधारमा सम्वन्धीत सदस्यलाई उपलव्ध गराउनु पर्ने छ ।

**४९. सहकारी प्रर्वद्धन कोष सम्बन्धी व्यवस्था :**

(१) संस्थाले सहकारी व्यवसायको प्रर्वद्धन गर्नको लागी दफा ४७ वमोजिम जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) वमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम संघीय कानूनमा व्यवस्था भए वमोजिमको सहकारी प्रर्वद्धन कोषमा वार्षिक रुपमा जम्मा गर्नू पर्नेछ ।

(२) उपदफा (१) वमोजिमको कोषको उपयोग संघीय कानूनमा व्यवस्था भए वमोजिम हुनेछ ।

**५०. अन्य कोष सम्बन्धी व्यवस्था :**

(१) दफा ४६, ४७, ४८ र ४९ मा उल्लेखित कोषको अतिरिक्त संस्थामा सहकारी शिक्षा कोष,शेयर लाभांश कोष लगायत तोकिए वमोजिमको अन्य कोषहरु रहन सक्नेछन् ।

(२) उपदफा (१) वमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागी विनीयममा तोकीए वमोजिम उपयोग गर्न सकिने छ तर एक वर्षको शेयर लाभांशको रकम शेयर पूंजीको पन्ध्र प्रतिशत भन्दा वढि हुने छैन ।

## परिच्छेद - १०

## अभिलेख र सूचना

**५१. अभिलेख राख्नु पर्ने :**

(१) संस्थाले साधारण सभा, समिति तथा लेखा सुपरीवेक्षण समिति बैठकका निर्णय तथा काम कार्वाहीको विवरण सुरक्षित राख्नु पर्नेछ ।

(२) संस्थाले कारोवार सँग सम्बन्धीत तथा अन्य आवश्यक अभिलेखहरु तेकिए वमोजिम सुरक्षित राख्नु पर्ने छ ।

**५२. विवरण उपलब्ध गराउनु पर्ने :**

(१) संस्थाले देहायका विवरण सहितको प्रतिवेदन आ.व.समाप्त भएको तीन महिना भित्र दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(क) कारोवारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखा परिक्षण प्रतिवेदन

(ख) वार्षिक कार्यक्रम नीति तथा योजना,

(ग) खुद वचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा वाँकी कार्यविधीको सूची,

(ङ) साधारण सभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शेयर पूँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न रकम वाँकी भएको रकम,

(ज) दर्ता गर्ने अधिकारीले समय समयमा तोकीदिएको अन्य विवरण ।

## परिच्छेद - ११

## लेखा र लेखापरीक्षण

**५३. कारोवारको लेखा :** संस्थाको कारोवारको लेखा दोहोरो लेखा प्रणालीमा आधारीत र कारोवारको यथार्थ स्पष्टरुपमा देखिने गरी संघीय कानून वमोजिम रजिष्ट्रारले लागू गरेको लेखामान (एकाउन्टिङ स्ट्याण्डर्ड) र यस ऐन वमोजिम पालना गर्नु पर्ने शर्त तथा व्यवस्था वमोजिम राख्नु पर्नेछ ।

**५४. लेखापरीक्षण :**

(१) संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक, वर्षको समाप्त भएको मितिले तीन महिना भित्र प्रचलित कानून वमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्धारा गराउनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिमको अवधि भित्र कुनै संस्थाले लेखापरीक्षण नगराएको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको परिक्षण इजाजतपत्र प्राप्त लेखापरिक्षकद्धारा गराउनु पर्नेछ ।

(३) उपदफा (२) वमाजिम परीक्षण गराउँदा लेखापरीक्षकलाई दिनु पर्ने परीश्रमिक लगायतको रकम सम्बन्धित संस्थाले व्यहोनु पर्नेछ ।

(४) उपदफा (१) वा (२) वमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागी सभा समक्ष पेश गनु पर्ने छ ।

(५) उपदफा (४) वमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभावाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागी साधारण सभाले एकजना लेखापरीक्षक नियुक्ती गरी परीश्रमिक समेत तोक्नेछ ।

(२) उपदफा (१) वमोजिम लेखा परीक्षक नियुक्त गर्दा एउटै व्यक्ति ,फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढि हुने गरी नियुक्त गर्न सकिने छैन ।

**५५. लेखा परीक्षकमा नियुक्ति :**

(१) सहकारी संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानुन बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकहरु मध्येबाट साधारण सभाले एकजना लेखापरीक्षण नियुक्ति गरी पारिश्रमिक समेत तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त लेखापरीक्षक नियुक्ति गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनिलाई लगातार तीन आर्थिकल वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन ।

**५६. लेखा परीक्षकमा नियुक्ति हुन नसक्ने :**

(१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भई सकेको भए सो पदमा वहाल रहन सक्ने छैन ।

(क) सहकारी संस्थाको सञ्चालक,

(ख) सम्वन्धित संस्थाको सदस्य,

(ग) सहकारी संस्थाको नियमित परीश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखा परीक्षण सम्वन्धी कसूरमा सजाय पाएको तीन वर्षको अवधी भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार,ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,

(ज) सम्बन्धित संस्थासँग स्वार्थ वाझिएको व्यक्ति ।

(२) लेखा परीक्षकले आफू हुनुअघि उपदफा(१) वमोजिम अयोग्य नभएको कुराको संख्या समक्ष स्वघोषणा गर्नु पर्नेछ ।

(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुदैं कुनै संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा संस्थाको लेखापरीक्षणको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नु पर्ने वा गरीएको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रुपमा संस्थालाई दिनुपर्ने छ ।

(४) यस दफाको प्रतिकूल हुनेगरी नियुक्त भएको परिक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन ।

## परिच्छेद - १२

## छुट, सुविधा र सहुलियत

**५७. छुट, सुविधा र सहुलियता :**

(१) संस्थालाई प्राप्त हुने छुट,सुविधा र सहुलियत संघीय कानुन वमोजिम हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित छुट,सुविधा र सहुलियत वाहेक संस्थालाई प्राप्त हुने अन्य छुट,सुविधा र सहुलियत तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद - १३

## ऋण असुली तथा वाँकी बक्यौता

**५८. ऋण असुल गर्ने :**

(१) कुनै सदस्यले संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कवुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको सावाँ, व्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित संस्थाले लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो सावा व्याज र हर्जाना असूल उपर गर्न सक्ने छ। धितो सम्बन्धीत संस्थाले सकारे पश्चात् पनि ऋणीले सावाँ, व्याज दुवै भुक्ताक्नी गरी धितो वापतको सम्पत्ति फिर्ता लिन चाहेमा फिर्ता गर्नु पर्नेछ।

(२) कुनै सदस्यले संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडि दिएमा वा अन्य कुनै कारण वाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित् म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ।

(३) उपदफा (२) वमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) वमोजिमको धितोबाट पनि साँवा, व्याज र हर्जानाको रकम असूल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जाय जेथावाट वाट पनि अन्य साँवा,व्याज र हर्जाना असूल उपर गर्न सकिनेछ।

(४) यस दफा वमोजिम साँवा,व्याज र हर्जना असूर उपर गर्दा लागेको खर्चको रकम तथा असूल उपर भएको साँवा ,व्याज र हर्जानाको रकम कट्टी गरी वाँकी रहन आएको रकम सम्वन्धीत ऋणीलाई फिर्ता दिनु पर्नेछ।

(५)यस दफा वमोजिम संस्थाले ऋणको धितो वा अन्य जायजेथा लिलाम विक्रि गर्दा लिलाम सर्कार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून वमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागी सम्बन्धीत कार्यालयमा लेखि पठाउने छ। सम्बन्धीत कार्यालयले पनि सोहि वमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी संस्थालाई दिनुपर्ने छ।

(६) यस दफा वमोजिम धितो राखेको सम्पत्ति लिलाम विक्री बोल्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धीत संस्था आफैले सकार गर्न सक्ने छ।

(७) उपदफा (६) वमोजिम आफैले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धीतको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखि पठाउने छ। त्यसरी लेखि आएमा सम्बन्धित कार्यालयले सोहि वमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनुपर्नेछ।

**५९. कालो सूची सम्बन्धित व्यवस्था :** संस्थावाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयावधि भित्र ऋणको सावाँ,व्याज फिर्ता नगर्ने व्यक्तिको नाम नामेशी सहित कालो सूची प्रकाशन सम्बन्धि व्यवस्था संघीय कानून वमोजिम हुने छ।

**६०. कर्जा सूचना केन्द्र सम्बन्धि व्यवस्थाः** कर्जा सूचना केन्द्र सम्बन्धि व्यवस्था संघिय कानून वमोजिम हुने छ।

**६१. वाँकी बक्यौता असूल उपर गर्नेः**कसैले संस्थालाई तिर्नु वुझाउनु पर्ने रकम नतिरी वाँकी राखेमा त्यस्तो रकम र सोको व्याज समेत दर्ता गर्ने अधिकारीलले त्यस्तो व्यक्तिको जायजेथा वाट असुल उपर गरी दिन सक्नेछ।

**६२. रोक्का राख्न लेखी पठाउनेः**

(१) संस्था दर्ता गर्ने अधिकारीले दफा ५८ र ६१ को प्रयोजनको लागी कुनै व्यक्तिको खाता जायजेथाको स्वामित्व हस्तान्तरण, नाम सारी वा विक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम रोक्काको लागी लेखि आएमा सम्बन्धित निकायले प्रचलित कानून वमोजिम त्यस्तो व्यक्तिको खाता जायजेथाको स्वामित्व हस्तान्तरण नामसारी वा विक्री गर्न नपाउने गरी रोक्का राखी दिनु पर्नेछ ।

**६३. अग्राधिकार रहने :** कुनै व्यक्तिले संस्थालाइ तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकारको कुनै हक दावी भए त्यसको लागी रकम छुट्याई वाकी रहन आएको रकममा संस्थाको अग्राधिकार रहने छ ।

**६४. कार्यवाही गर्न वाधा नपर्ने :** संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारवाहीका कारणवाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून वमोजिमको कुनै कसूरमा कारवाही चलाउन रोक लगाएको मानिने छैन ।

## परिच्छेद - १४

## एकिकरण, विघटन तथा दर्ता खारेज

**६५. एकिकरण तथा विभाजन सम्बन्धी व्यवस्था :**

(१) यस ऐनको अधिनमा रहि दुई वा दुईभन्दा वढि संस्थाहरु एक आपसमा गाभी एकीकरण गर्न वा एक संस्थालाई भौगोलिक कार्य क्षेत्रका आधारमा दुई वा दुईभन्दा वढि संस्थामा विभाजन गर्न सकिनेछ ।

(२) उपदफा (१) वमोजिम एकिकरण वा विभाजन गर्दा सम्बन्धीत संस्थाको कुल कायम रहेको सदस्य संख्याको दुई तिहाइ वहुमत वाट निर्णय हुनु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम एकिकरण वा विभाजन गर्दा शर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ ।

**६६. विघटन र दर्ता खारेज :**

(१) कुनै संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका दुई तिहाइ सदस्यको निर्णय वाट यस्तो संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतीको लागी समितिले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ । तर सो निर्णय गर्नु पर्ने संस्थासंग कुनै लेनादेना भएमा हकदावा गर्ने, उठाउन आउने, समय सहितको सुचना सार्वजनिक गर्नु पर्ने छ ।

(क) विनियममा उल्लेखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा,

(२) उपदफा (१) वमोजिम प्राप्त निवेदनमा छानविन गर्दा त्यस्तो संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि दर्ता गर्ने अधिकारीले देहायको अवस्थामा मात्र स्स्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(क) लगातार दुई वर्षमा कुनै कारोवार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियमावली विपरितको कार्य वारम्वार गरेमा,

(ग) विनियममा उल्लेखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य,मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा ।

(४) उपदफा(२) वा (३) वमोजिम दर्ता खारेज गर्नु अघि दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थालाई सुनुवाईको लागी पन्ध्र दिनको समय दिनु पर्ने छ ।

(५) उपदफा (२) वा (३) वमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तो सस्थां विघटन भएको मानिनेछ ।

(६) उपदफा (२) वा (३) वमोजिम संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ ।

**६७. लिक्वीडेटरको नियुक्ति :**

(१) दफा ६६ वमोजिम कुनै संस्थाको दर्ता खारेज भएमा दर्ता गर्ने अधिकारीले लिक्वीडेटरको नियुक्ति गर्ने छ ।

(२) उपदफा (१) मा जुनुसुकै कुरा लेखिएको भएता पनि संघीय कानूनमा तोकिएको सीमा सम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले कुनै अधिकृत स्तरका कर्मचारीलाइ लिक्वीडेटरको नियुक्ति गर्न सक्ने छ ।

**६८.लिक्वीडेसन पछिको सम्पत्तिको उपयोग :** कुनै संस्थाको लिक्वीडेसन पश्चात सवै दायित्व भुक्तान गरी वाँकी रहन गएको सम्पत्तिको उपयोग संघीय कानूनमा तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद - १५

## दर्ता गर्ने अधिकारी

**६९. दर्ता गर्ने अधिकारी :**

(१) यस ऐन अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नु पर्ने कार्यहरु लिखु गाउँपालिकाको प्रमुख प्रसासकिय अधिकृतले गर्नेछ

(२) उपदफा (१) वमोजिमको दर्ता गर्ने अधिकारीले यस ऐन वमोजिम आफुमा रहेको कुनै वा सम्पुर्ण अधिकार आफु मातहतको अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छ ।

**७०. काम,कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त दर्ता गर्ने अधिकारीको काम,कतर्व्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद - १६

## निरीक्षण तथा अनुगमन

**७१. निरीक्षण तथा अभिलेख जाँच गर्ने :**

(१) दर्ता गर्ने अधिकारीले संस्थाको जुनसुकै वखत निरीक्षण तथा अभिलेख परीक्षण गर्न,गराउन सक्नेछ ।

(२) राष्ट्रवैंकले जुनसुकै वखत तोकिएको भन्दा वढि आर्थिक कारोवार गर्ने संस्थाको हिसाव किताव वा वित्तिय कारोवारको निरीक्षण वा जांच गर्न, गराउन सक्नेछ ।

(३) उपदफा (२) को प्रयोजनको लागी नेपाल राष्ट्र वैंकले आफ्ना कुनै अधिकारी वा विशेषज्ञ खटाई आवश्यक विवरण वा सूचना वा संस्थावाट झिकाई निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्ने छ ।

(४) उपदफा (१) र (२) वमोजिम निरीक्षण वा हिसाव जाँच गर्दा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र वैंकको अधिकार प्राप्त अधिकृतले माग गरेको जानकारी सम्बन्धीत संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (१) र (२) वमोजिम निरीक्षण वा हिसाव जाँच गर्दा कुनै संस्थाको काम कारवाही यो ऐन,यस ऐन अन्तर्गत वनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि वमोजिम भएको नपाइएमा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र वैंकले सम्बन्धीत संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

(६) नेपाल राष्ट्र वैंकले यस दफा वमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा नेपाल राष्ट्र वैंकले प्रचलित कानून वमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ ।

(७) यस दफा वमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा प्राप्त हुन आएको जानकारी नेपाल राष्ट्र वैंकले लिखु गाउँ कार्यपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

**७२. छानविन गर्न सक्ने :**

(१) कुनै संस्थाको व्यवसायिक कारोवार सन्तोषजनक नभएको,सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनि त्यस्तो संस्थाको कम्तीमा विस प्रतिशत सदस्यले छानविनको लागी निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको छानविन गर्न,गराउन सक्नेछ ।

(२) उपदफा(१) वमोजिम छानविन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धीत समितिको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) वा (२) वमोजिम गरीएको छानविनको जानकारी सम्बन्धी संस्थालाई लिखित रुपमा दिनु पर्ने छ ।

**७३. वचत तथा ऋणको कारोवार गर्ने संस्थाको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था :**

(१) वचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाले तोकिए वमोजिम अनुगमन प्रणाली अवलम्वन गर्नु पर्नेछ ।

(२) दर्ता गर्ने अधिकारीले वचत तथा ऋणको कारोवार गर्ने संस्थाको तोकिए वमोजिमको अनुगमन प्रणालीमा आधारीत भई निरीक्षण तथा अनुगमन गर्नेछ ।

(३) उपदफा (२) वमोजिम संस्थाको निरीक्षण तथा अनुगमनमा दर्ता गर्ने अधिकारीले आवश्यता अनुसार  नेपाल राष्ट्र वैंक लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ ।

**७४. वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने :**

(१) दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम प्रतिवेदनमा देहायका विवरणहरु खुलाउनु पर्नेछ ।

(क) सञ्चालनमा रहेका संस्थाको विवरण,

(ख) अनुगमन गरीएका संस्थाको संख्या तथा आर्थिक कारोवारको विवरण,

(ग) संस्थामा सहकारी सिद्धान्त र यो ऐन,यस ऐन अन्तर्गत बनेको नियम ,विनियम तथा आन्तरीक कार्यविधिको पालना व्यवस्था,

(घ) संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधा व्यवस्था,

(ङ) संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात ,

(च) संस्थालाई गाउँपालिका वाट प्रदान गरीएको वित्तिय अनुदान तथा छुट सुविधाको सदुपयोगिताको अवस्था,

(छ) संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तिय अवस्था सम्बन्धी तोकिए वमोजिमका विवरण,

(ज) संस्थामा आन्तरीक नियन्त्रण प्रणालीको अवस्था,

(झ) संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था ,

(ञ) संस्थामा रहेका कोषको विवरण,

(ट) संरक्षित पूँजी फिर्ता कोष विवरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरु,

(ड) सहकारी संस्थाको दर्ता,खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) संस्थाले सञ्चालन गरेको दफा १२ वमोजिमको कारोवार,व्यवसाय,उद्योग वा परीयोजनाको विवरण ,

(ण) तोकिए वमोजिमको अन्य विवरण ।

**७५. आपसी सुरक्षण सेवा सञ्चालन सम्बन्धी व्यवस्था :**

संस्थाले संघीय कानूनमा व्यवस्था भए वमोजिम आफ्ना सदस्यहरुको वालीनाली वा वस्तुभाउमा भएको क्षतिको अंशपूर्ति गर्ने गरी आपसी सुरक्षण सेवा सञ्चालन गर्न सक्नेछ ।

**७६. स्थिरीकरण कोष सम्बन्धी व्यवस्था :**

वचत तथा ऋण विषयगत संस्थाहरु सम्भावित जोखिमवाट संरक्षणको लागी संघीय कानूनमा व्यवस्था भए वमोजिम खडा हुने स्थिरीकरण कोषमा सहभागी हुन सक्नेछन् ।

## परिच्छेद - १७

## समस्याग्रस्त संस्थाको व्यवस्थापन

**७७. संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिने :**

(१) यस ऐन वमोजिम गरीएको निरीक्षण वा हिसाव जाँचवाट कुनै संस्था देहायको अवस्थामा विद्यमान रहेको देखिएमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रुपमा घोषणा गर्न सक्नेछ :-

(क) संस्थाको हित विपरीत हुने गरी कुनै काम गरेको,

(ख) संस्थाले पुरा गर्नु पर्ने वित्तिय दायित्व पुरा नगरेको वा भुक्तानी गर्नु पर्ने दायित्व भुक्तानी नगरेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरुको वचत निर्धारीत शर्त वमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन,यस ऐन अन्तरगत वनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था सञ्चालन भएको,

(ङ) संस्था दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा उल्लेखनिय रुपमा गम्भीर आर्थिक कठिनाई भोगी रहेको,

(च) कुनै संस्थाले सदस्यको वचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनि त्यस्तो संस्थाका कम्तीमा २० प्रतिशत वा २० जना मध्ये जुन कम हुन्छ सो वरावरको सदस्यहरुले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून वमोजिम गठन गरेको आयोगले कुनै संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहीचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी संख्या,औचित्य समेतको आधारमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सक्नेछ ।

**७८. व्यवस्थापन समितिको गठन :**

(१) दफा ७७ बमोजिम समस्याग्रस्त संस्था घोषणा भएको त्यस्तो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यका लागी व्यवस्थापन समितिको गठन गर्न दर्ता गर्ने अधिकारीले कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) वमोजिम सिफारिस भई आएमा कार्यपालिकाले तोकिए वमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) वमोजिम गठित व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद - १८

## कसूर, दण्ड जरिवाना तथा पुनरावेदन

**७९. कसूर गरेको मानिने :** कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गत कसूर गरेको मानिने छ ।

(१) दर्ता नगरी वा खारेज भएको संख्या सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शव्द वा सो शव्दको अग्रेजी रुपान्तरण राखी कुनै कारोवार,व्यवसाय,सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

(२) सदस्यको वचत यस ऐन र यस ऐन अन्तर्गत वनेको नियम,विनियम वमोजिम वाहेक अन्य कुनै पनि प्रयोजनको लागी प्रयोग गरेमा,

(३) तोकिएको भन्दा वढि रकम ऋण प्रदान गर्दा जमानक्त वा सुरक्षण नराखी ऋण प्रदान गरेमा ।

(४) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले संस्थाको सम्पत्ति,वचत वा शेयर रकम हिनामिना गरेमा,

(५) ऋण असूल हुन नसक्ने गरी समितिका कुनै सदस्य,निजको नातेदार, अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

(६) समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलेमतोमा संस्थाको शेयर रकम  आफू खुशी परीचालन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(७) झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा,राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

(८) संस्थाले यस र ऐन र यस ऐन अन्तर्गत वनेको नियम, विनियम विपरीत लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

(९) कृतिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

(१०) धितोको अस्वाभाविक रुपमा वढि मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,

(११) झुट्टा विवरणको आधारमा परीयोजनाको लागत अस्वाभाविक रुपमा वढाई वढि ऋण लिएमा वा दिएमा,

(१२) कुनै व्यक्ति वा संस्थालाई एक पटक दिईसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्य भन्दा वढी हुनेगरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,

(१३) संस्थावाट जुन प्रयोजनका लागी ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे गराएमा,

(१४) संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरीकाले हटाई वा उडाइ अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाई लेख्ने वा अर्को भिन्नै श्रेस्ता राख्ने जस्ता काम गरेवाट आफुलाई वा अरु कसैलाइ फाईदा वा हानी नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्ने वा अर्काको हानी नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनि वा मिति,अंक वा व्यहोरा फरक पारी सही छाप गरी गराई कागजात वनाई वा वजाउन लगाई जालसाजी गरे वा गराएमा,

(१५) ऋणको धितो स्वरुप राखिने चल अचल सम्पत्ती लिलाम विक्री वा अन्य प्रयोजनको लागी मूल्याङ्कन गर्दा मूल्याङ्कन कर्ताले वढि,कम वा गलत मूल्याङ्कन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्य गरे वा गराएमा,

(१६) संस्थालाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसीमको रकम लिन वा दिन, विना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन ,गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैरकानूनी लाभ वा हानी पुऱ्याउने वदनियतले कुनै कार्य गरे वा गराएमा,

(१७) कुनै संस्था वा सो को सदस्य वा वचत कर्ता वा ती मध्ये कसैलाई हानी नोक्सानी पुग्ने गरी लेखा परीक्षण गरे गराएमा वा लेखा परीक्षण गरेको झुट्टा प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा ।

**८०. सजाय हुने :**

(१) कसैले दफा ६९ को कसूर गरेमा देहाय वमोजिमको सजाय हुनेछ :-

(क) दफा ७९ को उपदफा १, ३, ५ र १७ को कसूरमा एक वर्ष सम्म कैद र एक लाख सम्म जरीवाना वा दुबै,

(ख) उपदफा १२ को कसूरमा दुई वर्ष सम्म कैद र २ लाख जरीवाना वा दुबै,

(ग) उपदफा २ को कसूरमा विगो वरावरको रकम जरीवाना गरी ३ वर्ष सम्म कैद,

(घ) खण्ड ४, ५, ६, ७, ८, ९, १०, ११, १५ र १६ को कसूरमा विगो भराइ विगो वमोजिम जरीवाना गरी देहाय वमोजिमको कैद हुनेछ :

(१) दश लाख रुपैयाँ सम्म विगो भए एक वर्ष सम्म कैद,

(२) दश लाख भन्दा वढि पचास लाख सम्म विगो भए दुई वर्ष देखि तिन वर्ष सम्म कैद,

(३) पचास लाख भन्दा वढि एक करोड सम्म विगो भए तिन वर्ष देखि चार वर्ष सम्म कैद,

(४) एक करोड भन्दा वढि दश करोड रुपैया सम्म विगो भए चार वर्ष देखि छ वर्ष सम्म कैद,

(५) दश करोड देखि एक अर्व रुपैया सम्म विगो भए छ देखि आठ वर्ष सम्म कैद,

(६) एक अर्व रुपैया भन्दा वढि जतिसुकै रुपैया भएपनि आठ वर्ष देखि दश वर्ष सम्म कैद,

(ङ) खण्ड (ढ) को कसूरमा दश वर्ष सम्म कैद ।

(२) दफा ६९ को कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ,

(३) दफा ६९ को कसूर गर्ने वा गर्न मदत पुऱ्याउने कुनै निकाय संस्था भए त्यस्तो निकाय वा संस्थाको प्रमखु कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतले कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन वमोजिम हुने सजाय हुनेछ ।

**८१. जरिवाना हुने :**

(१) दफा ८७ वमोजिम कसैको उजूर परी वा संस्थाको निरीक्षण अनुगमन वा हिसाव कितावको जाँच गर्दा वा अन्य कुनै व्यहोरावाट कसैले देहायको कुनै कार्य गरेको पाईएमा दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गम्भीर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयासम्म जरीवाना गर्नेछ ।

(क) यो ऐन वा यस ऐन अर्न्तगत वनेको नियम विपरीत सदस्यसँग व्याज लिएमा,

(ख) संस्थाले प्रदान गर्ने वचत र ऋणको व्याजदर वीचको अन्तर छ प्रतिशत भन्दा वढि कार्य गरेको पाइएमा,

(ग) संस्थामा प्रदान गरेको ऋणमा लाग्ने व्याजदरमा मूल कर्जामा पूंजीकृत गरी सोको आधारमा व्याज लगाएमा,

(घ) कुनै सदस्यलाई आफ्नो पूँजीकोषको तोकीए वमोजिमको प्रतिशत भन्दा वढि हुने गरी ऋण प्रदान गरेमा,

(ङ) संस्था दर्ता गर्दाका वखतका सदस्य वाहेक अन्य कुनै सदस्यलाई सदस्यता प्राप्त गरेको

(च) प्राथमिक पूजीको दश गुणा भन्दा वढि गरी वचत संकलन गरेमा,

(छ) शेयर पूँजीको पन्ध्र प्रतिशत भन्दा वढि शेयर लाभांश विवरण गरेमा,

(ज) संस्थाले आफ्नो कार्यक्षेत्र भन्दा वाहिर गई कारोवार गरेमा वा गैर सदस्यतासँग कारोवार गरेमा,

(झ) संस्थाले यो ऐन विपरीत कृतिम व्यक्तिलाई आफ्नो सदस्यता दिएमा ।

(२) उपदफा (१) मा लेखिएको व्यहोरावाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(क) यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम वमोजिम  दिएको कुनै निर्देशन वा तोकीएको मापदण्ड पालना नगरेमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम वमोजिम  दिनु पर्ने कुनै विवरण , कागजात, प्रतिवेदन, सूचना वा जानकारी नदिएमा,

(ग) यस ऐन वमोजिम  निर्वाचन नगरी समिति तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरु आफू खुशी परीवर्तन गरेमा,

(घ) कुनै सदस्यले दफा ६ को उपदफा (४) वमोजिम तोकिएको शर्त पालना नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम विपरित अन्य कार्य गरेमा ।

(३) उपदफा (१) वा (२) वमोजिमको जरीवाना गर्नु अघि दर्ता गर्ने अधिकारीले सम्बन्धित व्यक्ति वा संस्थालाई सफाई पेश गर्न कम्तीमा पन्ध्र दिनको समयावधि दिनु पर्नेछ ।

**८२. रोक्का राख्ने :**

(१) दर्ता गर्ने अधिकारीले सम्बन्धित संस्थालाई दफा ८१ वमोजिम जरिवाना गर्नुका साथै अतिरिक्त तीन महिना सम्म त्यस्तो संस्थाको कारोवार,सम्पति तथा वैंक खाता रोक्का गर्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्थाको कारोवार,सम्पत्ति वा वैंक खातामा रोक्का राखी सोको जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ ।

**८३. दोव्वर जरिवाना हुने :** दफा ८१ वमोजिम जरिवाना भएको व्यक्ति वा संस्थाले पुनः सोहि कसूर गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई दर्ता गर्ने अधिकारीले दोस्रो पटक देखि प्रत्येक पटकको लागी दोब्बर जरिवाना गर्ने छ ।

**८४. अनुसन्धानको लागी लेखी पठाउन सक्ने :** दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र वैंकले यस ऐन वमोजिम आफ्नो अधिकारको पालना गर्दा कसैको दफा ७९ वमोजिमको कसूर देखिएमा यस ऐन वमोजिम अनुसन्धान गर्नका लागी सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

**८५. मुद्दा सम्बन्धी व्यवस्था :** दफा ८० वमोजिम सजाय हुने कसूर र मुद्दा सम्बन्धी व्यवस्था संघीय कानुन वमोजिम हुनेछ ।

**८६. मुद्दा हेर्ने अधिकारीः** दफा ८० वमोजिम सजाय हुने कसूर सम्बन्धीमुद्दाको कारवाही र किनारा जिल्ला अदालतवाट हुनेछ ।

**८७. उजूर दिने हद म्याद :**

(१) कसैले दफा ८० वमोजिमको सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिन भित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनु पर्नेछ ।

(२) कसैले दफा ८० वमोजिम जरिवाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिन भित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनु पर्नेछ ।

**८८. पुनरावेदन गर्न सक्ने :**

(१) दफा ६ वमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ८० वमोजिम संस्था दर्ता खारेज गरेकोमा चित्त नवुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिन भित्र दर्ता गर्ने अधिकारीको निर्णयउपर कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा ८० वमोजिमको जरिवानामा चित्त नवुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिन भित्र देहाय वमोजिम पुनरावेदन गर्न सक्नेछ ।

(क) दर्ता गर्ने अधिकारी र कार्यपालिकाले गरेको निर्णय उपर सम्बन्धीत जिल्ला अदालतमा,

(ख) नेपाल राष्ट्र वैंकले गरेको निर्णय उपर सम्बन्धीत उच्च अदालतमा,

**८९. असूल उपर गरीनेः** यस परिच्छेद वमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने जरिवाना वा कुनै रकम नतिरी वाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजवाट सरकारी वाँकी सरह असूल उपर गरीनेछ ।

## परिच्छेद - १९

## विविध

**९०. मताधिकारको प्रयोग :** कुनै सदस्यले संस्थाको जति सुकै शेयर खरिद गरेको भएता पनि संम्बन्धीत संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्ने छ ।

**९१. सामाजिक परिक्षण गराउन सक्ने :**

(१) संस्थाले विनियममा उल्लेखित उद्देश्य प्राप्त गर्नका लागी समितिवाट भएको निर्णय र कार्य, सदस्यहरुले प्राप्त गरेको सेवा र सन्तुष्टिको स्तर ,सेवा प्राप्तिवाट सदस्यहरुको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलछलको लागि समितिले साधारण सभा समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) वमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारण सभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ ।

(४) यस दफा वमोजिमको सामाजिक परिक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित संस्थाले दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

**९२. सहकारी शिक्षा :** सहकारी क्षेत्रको प्रवर्धनको लागी विद्यालय तहको पाठ्क्रममा आधारभूत सहकारी सम्वन्धी विषयवस्तुलाई समावेश गर्न सकिनेछ ।

**९३. आर्थिक सहयोग गर्न नहुने :** संस्थाको रकमवाट समितिको निर्णय वमोजिम सदस्यहरुको आर्थिक सहयोग लिन सक्नेछन् तर सामाजिक कार्यको लागी गैर सदस्य व्यक्ति वा संस्थाहरुलाई समेत आर्थिक सहयोग गर्न वाधा पर्नेछैन ।

**स्पष्टीकरण :** यस दफाको प्रयोजनको लागी सामाजिक कार्य भन्नाले शिक्षा,स्वास्थ्य,वातावरण संरक्षण,मानवीय सहायता, सहकारीता प्रबर्द्धन सम्बन्धी कार्यलाई जनाउँछ ।

**९४. अन्तर सहकारी कारोवार गर्न सक्ने :** संस्थाहरुले तोकिए वमोजिम एक आपसमा अन्तर सहकारी कारोवार गर्न सक्ने छन् ।

**९५. ठेक्कापट्टा दिन नहुने :** संस्थाले आफ्नो समितिको कुनै सञ्चालन वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिन हुदैंन ।

**९६. सरकारी वाँकी सरह असूल उपर हुने :** कुनै संस्थाले प्राप्त गरेको सहकारी अनुदान वा कुनै सेवा सुविधा दुरुपयोग गरेको पाइएमा प्रचलित कानून वमोजिम सरकारी वाँकी सरह असूर उपर गरीनेछ ।

**९७. कम्पनी सम्बन्धी प्रचलित ऐन लागू नहुने :** यस ऐन अन्तरगत दर्ता भएको संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागु हुने छैन ।

**९८. प्रचलित कानून वमोजिम कारवाही गर्न वाधा नपर्ने :** यस ऐनमा लेखिएको कुराले कुनै व्यक्ति उपर प्रचलित कानून वमोजिममा अदालतमा मुद्दा चलाउन वाध्य पुऱ्याएको मानिने छैन ।

**९९. सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानुनी व्यवस्थाको पालना गर्नुपर्ने :** संस्थाले सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी संघीय र प्रदेश कानुनमा भएका व्यवस्थाका साथै तत् सम्बन्धमा मन्त्रालयले जारी गरेको मापदण्ड र नेपाल राष्ट्र वैंकको वित्तिय जानकारी एकाइवाट जारी भएका निर्देशिकाहरुको पालना गर्नु पर्नेछ ।

**१००. मापदण्ड, निर्देशिका वा कार्यविधि वनाई लागू गर्न सक्ने :**

(१) यो ऐन वा यस ऐन अन्तरगत वनेको नियमको अधीनमा रही संस्थाको दर्ता,सञ्चालन,निरीक्षण तथा अनुगमन लगायतका काम कारवाहीलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि वनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको मापदण्ड वनाउँदा आवश्यकता अनुसार रजिष्ट्रार,नेपाल राष्ट्र बैंक,मन्त्रालय र सम्बन्धीत अन्य निकायको परामर्श लिन सकिनेछ ।

**१०१. नियम वनाउने अधिकार :**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँकार्यपालिकाले आवश्यक नियम वनाउन सक्नेछ ।

**१०२. पुनरावेदन :**

यस ऐन बमोजिम भएका दण्ड, जरिवाना र सजाय उपर चित नबुजेमा पुनरावेदन गर्न सकिनेछ ।

**१०३. वाधा अड्काउ फुकाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा गाउँकार्यपालिकाले त्यस्तो वाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर त्यस्तो आदेश गाउँपालिकाले ६ महिना भित्र गाउँ सभाबाट अनुमोदन नगरेमा स्वत निस्क्रीय हुनेछ ।

**१०४. वचाउ र लागु नहुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत वनेका नियममा लेखिए जति कुरामा सोहि वमोजिम र नलेखिएका कुरामा प्रचलित कानून वमोजिम हुनेछ ।

(२) संविधानसँग वाभिmएका यस ऐनका दफा तथा उपदफाहरु वाभिmएको हदसम्म स्वत : निस्क्रीय हुनेछन् ।

(३) यस अघि भए गरेका काम कार्वाहि यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

★

## अनुसुची १

## दर्ता दरखास्तको नमुना

मिति : २०...।....

श्री दर्ता गर्ने अधिकारीज्यू,
लिखु गाउँ कार्यपालिको कार्यालय
यसम,ओखलढुंगा ।

विषय : **सहकारी संस्था दर्ता ।**

महोदय,

हामी देहायका व्यक्तिहरु देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं.उद्देश्य अनुरुप संस्थाले तत्काल गर्ने कार्यहरुको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेश गरेका छौं ।

**संस्थासम्बन्धी विवरणः**

(क) प्रस्तावित संस्थाको नाम :-

(ख) ठेगाना :-

(ग) उद्देश्य :-

(घ) मुख्य कार्य :-

(ङ) कार्यक्षेत्र :-

(च) दायित्व :-

(छ) सदस्य सङ्ख्या :-

(१) महिला......जना,

(२) पुरुष.......जना,

(ज) प्राप्त शेयरको पुँजीको रकमः- रु..........

(झ) प्राप्त प्रवेश शुल्कको रकम :- रु...........

## अनुसूची २

## संस्था दर्ता प्रमाण-प्त्रको नमूना

## लिखु गाउँ कार्यपालिकाको कार्यालय

### सहकारी दर्ता प्रमाण-प्रत्र

दर्ता नं

लिखु गाउँपालिका सहकारी ऐन,....को दफा......वमोजिम ..........................लाई समिति दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण-प्रत्र प्रदान गरीएको छ ।

वर्गीकरण....................................

दर्ता गरेको मितिः

दस्तखतः

दर्ता गर्ने अधिकारीको नामः

कार्यालयको छापः

आज्ञाले,

नामः समिर भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

मितिः२०७५/०२/२९